# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ९)** **सङ्ख्या : १** **प्रकाशित मिति : २०८३/०३/२४**


## भाग–२

## सिद्धिचरण नगरपालिकाको संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८३

**स्वीकृत मिति: २०८३/०३/०७**

**प्रमाणीकरण मिति: २०८३/०३/०८**

**प्रस्तावना:**

सिद्धिचरण नगरपालिका भित्र सञ्चालित र भविष्यमा सञ्चालन हुने संस्थागत विद्यालयको श्रेणी वर्गीकरण तथा विद्यालयले लिने शुल्कलाई व्यवस्थित र वैज्ञानिक बनाउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा ५२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सिद्धिचरण नगरपालिकाद्वारा संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८३ बनाई जारी गरिएको छ ।

## परिच्छेद - एक
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८३ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले सिद्धिचरण नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले सिद्धिचरण नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "नगर शिक्षा समिति" भन्नाले सिद्धिचरण नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ ।

(च) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाको प्रमुख वा प्रमुखको काम गर्न
तोकिएको शाखाको अधिकृत सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले सिद्धिचरण नगरपालिका भित्रका संस्थागत विद्यालय सम्झनु पर्दछ ।

(ज) "शुल्क" भन्नाले यस कार्यविधि बमोजिम संस्थागत विद्यालयले लिन पाउने शुल्क सम्झनुपर्छ ।

## परिच्छेद - दुई

## संस्थागत विद्यालयको वर्गीकरण

**३. विद्यालयको वर्गीकरणः**

(१) विद्यालयलाई अनुसूची-१ मा उल्लेखित व्यवस्था र शिक्षा शाखाबाट तयार गरिएको विद्यालय स्तरीकृत फारामको मूल्यांकनका आधारमा देहाय बमोजिम चार श्रेणीमा बर्गीकरण गरिनेछः

क) "क" श्रेणीको विद्यालय

ख) "ख" श्रेणीको विद्यालय

ग) "ग" श्रेणीको विद्यालय

घ) "घ" श्रेणीको विद्यालय

(२) उपनियम १ बमोजिम विद्यालय वर्गीकरणका निमित्त विद्यालयले अनुसूची-२ मा उल्लेखित मापदडका आधार र सो आधारमा तयार गरिएको विद्यालय स्तरीकृत फारामका आधारमा आफूले के-कस्तो किसिमका सुविधा उपलब्ध गराएको हो स्पष्ट खुलाई शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) विद्यालय वर्गीकरणका लागि सिफारिस गर्न देहाय बमोजिमको एक विद्यालय वर्गीकरण सिफारिस समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगर शिक्षा समितिबाट प्रमुखले तोकेको दुई जना - सदस्य

(ग) पूर्वाधार महाशाखाका इन्जिनियर एक जना - सदस्य

(घ) योजना शाखा प्रमुख - सदस्य

(ङ) सूचना तथा प्रविधि शाखा प्रमुख - सदस्य

(च) शिक्षा महाशाखा/शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(४) उपनियम ३ बमोजिमको समितिले विद्यालयले उपलब्ध गराएको सेवा सुविधाको स्थलगत जाँचबुझ गरी विद्यालय वर्गीकरणका लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्नेछ ।

(५) उपनियम ४ बमोजिम विद्यालय वर्गीकरणका लागि भएको सिफारिसमा आवश्यक जाँचबुझ गरी नगर शिक्षा समितिले वर्गीकरण गर्नेछ ।

(६) उपनियम ५ बमोजिम गरिएको वर्गीकरणमा चित्त नबुझेमा विद्यालयले नगर शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ । यसरी निवेदन परेमा नगर शिक्षा समितिले सो विद्यालयको स्थलगत निरीक्षण गर्ने/गराउनेछ र निरीक्षण गर्दा त्यस्तो विद्यालयलाई माथिल्लो श्रेणीको विद्यालयमा कायम गर्न मनासिव देखिएमा नगर शिक्षा समितिले माग बमोजिम माथिल्लो श्रेणीको विद्यालयमा वर्गीकरण गर्न सक्नेछ ।

(७) यो कार्यविधि लागू भएको मितिले दुई महिनाभित्र पहिलो पटक सबै संस्थागत विद्यालयले विद्यालय वर्गीकरणका लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(८) विद्यालय वर्गीकरण प्रत्येक तीन वर्षमा गरिनेछ ।
तर कुनै विद्यालयले आवश्यक पूर्वाधार पुरा गरी माथिल्लो श्रेणीमा सुचीकृत हुन चाहेमा तीन वर्ष नपुगेको हकमा पनि नगरपालिकामा निवदेन दिन बाधा पर्ने छैन ।

## परिच्छेद - तीन
## शुल्क निर्धारण सिफारिस समिति तथा शुल्क सम्बन्धी व्यवस्था

### ४. विद्यालय शुल्क निर्धारण सिफारिस समितिः

(१) संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारणका लागि नगर शिक्षा समितिलाई सिफारिस गर्न र विद्यालयले निर्धारित शुल्क लागु गरे नगरेको सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको एक विद्यालय शुल्क निर्धारण सिफारिस समिति रहनेछः

(क) नगर शिक्षा समिति प्रमुख - संयोजक
(ख) नगर उपप्रमुख - सदस्य
(ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) प्यावसन तथा एन प्यावसनका नगर वा जिल्ला समिति अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधीमध्ये कम्तिमा एकजना महिलासहित दुई जना - सदस्य

(ङ) स्थानीय शिक्षाविद्हरु मध्येबाट नगर प्रमुखले तोकेको कम्तिमा एकजना महिलासहित दुई जना - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(छ) शिक्षा महाशाखा/शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(२) उपनियम १ बमोजिमको समितिले शुल्क निर्धारण सम्बन्धी सिफारिस गर्न बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

## ५. विद्यालयले लिन पाउने शुल्क तथा धरौटीः

(१) संस्थागत विद्यालयले विद्यार्थीसँग देहाय बमोजिमको शुल्क तथा धरौटी लिन सक्नेछन्ः

(क) मासिक पढाई शुल्क,

(ख) कुल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त कृयाकलाप, प्रयोगशाला, पुस्तकालय र प्राथमिक उपचार बापतको वार्षिक शुल्क,

(ग) विद्यालयमा पहिलो पटक भर्ना हुने कक्षाको एक महिनाको मासिक पढाई शुल्कमा नबढ्ने गरी एक पटकको लागि भर्ना शुल्क,

(घ) विविध शुल्कः विविध शुल्क अन्तर्गत तपसिलका शुल्क लिन पाउनेछनः

(१) परीक्षा शुल्क

(२) कम्प्युटर शुल्क

(३) स्थानान्तरण र प्रमाणपत्र शुल्क

(४) विशेष प्रशिक्षण (जुडो, मार्सल आर्ट, तेक्वान्दो, पौडी, गायन, नृत्य लागायत) शुल्क

(५) आवास शुल्क
(६) परिवहन शुल्क
(७) भोजन शुल्क

(२) विद्यालयले उपनियम १ बमोजिमको शुल्क त्यस्तो सुविधा उपयोग गर्ने विद्यार्थीसँग सो सुबिधा उपयोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।

(३) विद्यालयले परीक्षा शुल्क बापतको रकम मासिक पढाई शुल्कको पन्ध्र प्रतिशतभन्दा बढी हुनेगरी लिन पाउने छैन ।

(४) विद्यालयले प्रमाणपत्र शुल्क र स्थानान्तरण प्रमाणपत्र शुल्क बापतको रकम मासिक पढाई शुल्कको पन्ध्र प्रतिशतभन्दा बढी हुने गरी लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले एक महिनाको पढाइ शुल्क बराबर धरौटी रकम लिन पाउनेछ र त्यस्तो रकम विद्यार्थीले विद्यालय छाडेमा तुरुन्तै फिर्ता गर्नु पर्नेछ ।

(६) विद्यालयले एक शैक्षिक सत्रमा बाह्र महिनाभन्दा बढी कुनै शुल्क उठाउन पाउने छैन ।

**६. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र क,ख,ग वा घ श्रेणीको संस्थागत विद्यालयले लिन पाउने शुल्कको अधिकतम सिमा तोकी सूचना प्रकाशन गर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समितले उपनियम १ बमोजिम तोकिएको अधिकतम शुल्क सिमाभित्र रही आगामी शैक्षिक सत्रको लागि विद्यार्थीसँग लिने शुल्कको प्रस्तावित दर प्रस्ताव गरी शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

तर पहिलो पटकका लागि यो कार्यविधि लागू भएको मितिले एक महिनाभित्र शुल्क प्रस्ताव गर्न बाधा पर्ने छैन ।

(३) उपनियम २ बमोजिमको प्रस्तावित शुल्कको दर प्राप्त भएमा विद्यालय शुल्क निर्धारण सिफारिस समितिले सो शुल्क अनुसूची-२ को आधारमा प्रस्ताव भए नभएको सम्बन्धमा जाँचबुझ गरी त्यस्तो शुल्कको दर हेरफेर सहित स्वीकृतिका लागि नगर शिक्षा समिति समक्ष पेश गर्नेछ ।

(४) उपनियम ३ बमोजिम पेस भएको शुल्कलाई नगर शिक्षा समितिले आवश्यक थपघटसहित स्वीकृत गर्नेछ ।

(५) उपनियम ४ बमोजिम स्वीकृत शुल्कको दर शाखाले सार्वजनिक गरी विद्यालयमा समेत पठाउनेछ ।

(६) उपनियम ४ बमोजिम स्वीकृत शुल्कको दर विद्यालयले आफ्नो सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(७) विद्यालयले विद्यार्थीसँग जुन कामको लागि शुल्क लिएको हो सो रकम सोही काममा मात्र खर्च गर्नुपर्नेछ ।

(८) विद्यालयले तोकेको समयमा विद्यार्थीले शुल्क बुझाउन पर्नेछ ।

(९) विद्यालयले शुल्कको दर, शुल्क बुझाउने अवधि र प्रकृयासम्बन्धी विवरण विद्यार्थी तथा अभिभावक लाई जानकारी दिई विद्यालयको सूचनापाटीमा टाँस गर्नुपर्नेछ ।

**७. बढी शुल्क लिन नपाउने:**

(१) विद्यालयले यो कार्यविधि बमोजिम निर्धारण भएको शुल्क मात्र लिनुपर्नेछ ।

(२) तोकिएभन्दा बढी शुल्क लिने विद्यालयलाई यस कार्यविधि बमोजिम कारवाही हुनेछ ।

**८. बढी लिएको शुल्क फिर्ता गर्नुपर्ने:** कुनै विद्यालयले यस कार्यविधिमा तोकिएभन्दा बढी शुल्क लिएको पाइएमा त्यसरी बढी लिएको शुल्क नगरपालिकाले अभिभावकलाई फिर्ता गर्न लगाउनेछ ।

**९. श्रेणीकृत नभएको विद्यालय सम्वन्धमाः**

(१) यस कार्यविधि बमोजिम श्रेणीकृत नभएका विद्यालयले "ग" श्रेणीको विद्यालयले लिन पाउने शुल्कभन्दा २५ प्रतिशत कम शुल्क लिनुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम न्यूनतम पूर्वाधार पूरा नभएका विद्यालयहरु स्वतः "घ" श्रेणीमा वर्गीकरण हुनेछन् ।

(३) "घ" श्रेणीका विद्यालयहरुले "ग" श्रेणीका विद्यालयको लागि तोकिएको भन्दा २५ प्रतिशत कम शुल्क लिनुपर्नेछ ।

(४) "घ" श्रेणीका विद्यालयले "घ" श्रेणीमा वर्गीकरण भएको छ महिनाभित्र न्यूनतम पूर्वाधार पुरा गर्नु पर्नेछ ।

(५) यस कार्यविधिमा तोकिए बमोजिम छ महिनाभित्र न्यूनतम पूर्वाधार पुरा गर्न नसक्ने विद्यालयको सञ्चालन अनुमति शिक्षा समितिले रद्ध गर्न सक्नेछ ।

## परिच्छेद चार

## छात्रवृत्ति सम्बन्धी व्यवस्था

**१०. छात्रवृत्ति सम्बन्धी व्यवस्था**

१०.१ संस्थागत विद्यालयहरूले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरूलाई क्रमश : सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

१०.२ संस्थागत विद्यालयहरूले कूल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघटाई जेहेन्दार, विपन्न, असहाय तथा गरिव, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द पिडित र सहिद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

१०.३ छात्रवृत्ति कोटाका लागि विद्यालयले विद्यार्थी भर्ना संगै छात्रवृत्तिका लागि सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी निवेदन दिने विद्यार्थीहरुको परीक्षा लगायताका प्रकृया पूरा गरी छात्रवृत्तिमा भर्ना हुने विद्यार्थी छनौट गर्नुपर्नेछ । उक्त प्रक्रियामा समावेश

भई छनोटमा परेका मध्ये नगरपालिकाले चाहेको खण्डमा नगर छात्रवृत्ति बैंकमा ३४ प्रतिशत कोटा छुट्याई विद्यालयले ६६ प्रतिशत कोटाका लागि मात्र छात्रवृत्तिमा विद्यार्थी भर्ना गर्नुपर्ने छ।

१०.४ द्वन्द पिडित र सहिद परिवारका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दा स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइको सिफारिस अनिवार्य रूपमा लिनुपर्ने छ ।

१०.५ कुनै एक प्रकारको छात्रवृत्ति पाइरहेको विद्यार्थीलाई अर्को छात्रवृत्ति उपलव्ध गराइने छैन । विद्यालय र नगरपालिकाले छात्रबृत्ति वितरण गर्दा अनुसूची ६ को आधार अवलम्वन गर्नुपर्नेछ ।

१०.६ विद्यालयले छात्रवृत्ति पाउने विद्यार्थीहरुको नामावली शैक्षिक सत्र शुरु भएको दोस्रो महिनाको मसान्त भित्रमा नगरपालिकामा पेश गर्नुका साथै अभिभावक तथा विद्यार्थीको जानकारीका लागि विद्यालयको सूचना पाटीमा टाँस गरिएको हुनुपर्ने छ ।

१०.७ शैक्षिक सत्रको वीचमा भर्ना हुने र छात्रवृत्तिको समयमा निवेदन पेश नगर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउन विद्यालय बाध्य हुने छैन ।

१०.८ नगर कार्यपालिकाको कार्यालय र विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समितिले छात्रवृत्ति वितरण भए नभएको अनुगमन गर्ने छन् । तोकिए अनुसार छात्रवृत्ति वितरण नगर्ने विद्यालयलाई नियमानुसारको कारवाही गर्नुका साथै सरकारी तवरबाट उपलब्ध हुने सेवा सुविधा र सहुलियतबाट वञ्चित गरिने छ ।

१०.९ कक्षा १० सम्म उपर्युक्त व्यवस्था अनुसार छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरु साविक उच्च माध्यमिक तहको (हालको कक्षा ११-१२)छात्रवृत्तिका लागि समेत योग्य हुनेछन् तर त्यस्ता विद्यार्थीहरुले तोकिएको परीक्षा वा छनोट प्रक्रियामा सहभागी हुनु पर्नेछ ।

१०.१० छात्रवृत्तिका लागि नगर कार्यपालिकाको कार्यालयले समेत विद्यालयमा निवेदन दिन सूचना प्रकाशन गर्न सक्नेछ । विद्यालयले आफ्नो कोटामा छनोट भएका बाहेक अन्य छात्रवृत्रिका लागि योग्य उम्मेदवारहरुलाई नगर कार्यपालिकाको कार्यालयको छात्रवृत्ति बैंकका लागि सिफारिस गरी पठाउने छ।

१०.११ नगरपालिकाले छात्रवृत्ति उपसमितिको सिफारिसमा छात्रवृति पाउने विद्यार्थीहरुको योग्यता क्रमका आधारमा नगरपालिका भित्रका संस्थागत विद्यालयहरुमा तोकिएको छात्रवृत्ति कोटामा विद्यार्थी भर्नाका लागि पठाउने छ ।

१०.१२ उक्त छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनोट गर्न शिक्षा ऐन तथा नियमावलीमा तोकिए बाहेक प्रत्येक संस्थागत विद्यालयमा देहायको उपसमिति रहनेछ र यो उपसमितिले आफ्नो कार्यसञ्चालनका लागि कार्यविधि आफैंले तयार गरी आवश्यक प्रक्रियाका आधारमा छात्रवृत्ति प्राप्त गर्न योग्य कक्षागत विद्यार्थी छनोट गर्नेछ ।

क) संयोजक: नगरपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी

ख) सदस्य: अभिभावक संघको अध्यक्ष वा सदस्य वा त्यस्तो संघ नभएमा अभिभावकहरु मध्येबाट शिक्षा शाखाले तोकेको २ जना

ग) सदस्य: सम्वन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १ जना

घ) सदस्य-सचिव : सम्वन्धित विद्यालयको प्रिन्सिपल

१०.१३ नियम १० को उपनियम १२ बमोजिम विद्यार्थी छनोट गर्ने सम्बन्धी बैठकमा जिल्ला स्थित पिछडिएको समुदायको प्रतिनिधित्व गर्ने संस्थाका प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

१०.१४उपनियम १२ वमोजिमको उपसमितिको सचिवालय नगरपालिका वा सम्बन्धित विद्यालयमा रहनेछ ।

१०.१५ विद्यालय र नगर कार्यपालिकाको कार्यालयले छात्रवृत्ति सम्बन्धमा थप कार्यविधि बनाई लागू गर्न सक्ने छन् । तर विद्यालयले बनाएको कार्यविधि नगरपालिकाबाट स्वीकृत गराएर मात्र लागू गर्न सकिनेछ ।

१०.१६ छात्रवृत्तिको लागि आवेदनको ढाँचा अनुसूची-७ अनुसार हुनेछ । छात्रवृत्ति बैंकमार्फत वितरण हुने कोटामा आवेदन दिने विद्यार्थीहरुले विपन्नताको हकमा सम्बन्धित वडाबाट विपन्नता प्रमाणित हुने सिफारिस पत्र र अन्य वर्गका हकमा सम्बन्धित निकायहरुको सिफारिस पत्र सहित पेश गर्नु पर्ने छ ।

## परिच्छेद- पाँच

## विविध

**११. स्तरीकृत फारामः** शिक्षा शाखाले अनुसूची १ र अनुसूची २ बमोजिमको आधारहरु समेटी सूचक र भार सहितको संस्थागत विद्यालय स्तरीकरण फाराम विकास गरी विद्यालयको वर्गीकरण र शुल्क निर्धारणको आधार तयार गर्न सक्नेछ ।

**१२. जरिवाना :** तोकिएभन्दा बढी शुल्क लिने विद्यालयलाई नगरपालिकाले बढी लिएको शुल्क फिर्ता गर्न लगाई पाँचहजार देखि पचास हजार रुपैयासम्म जरिवाना गर्नेछ ।

**१३. उजुरीः**

(१) यस कार्यविधि बमोजिम विद्यालय वर्गीकरण एवम् शुल्क निर्धारण सम्बन्धमा चित्त नबुझेमा नगरपालिका समक्ष उजुरी गर्न सकिनेछ ।

(२) उपनियम १ बमोजिम परेको उजुरीको कार्बाही र किनारा नगर शिक्षा समितिले गर्नेछ ।

**१४. कार्यविधिको ब्याख्या :** यस कार्यविधिको व्याख्या सम्बन्धमा कुनै द्विविधा भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१५. यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधमा लेखिएका कुराहरु यसै बमोजिम र नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

<u>अनुसूची-१</u>

## विद्यालय वर्गीकरणका आधार

१. "क" श्रेणीको विद्यालय हुन चाहिने आधारहरु (अपेक्षित सुविधायुक्त विद्यालय अर्थात "ख" श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनुपर्ने)

(क) कम्तीमा १०० जनाको उपस्थितीमा कार्यक्रम गर्न सकिने सभाकक्ष,

(ख) सेवा कक्ष फोन, फ्याक्स, इमेल आदी.

(ग) अतिरिक्त कृयाकलाप कक्ष,

(घ) क्याफ्टेरिया,

(ङ) एकपटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था

(च) विशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनुपर्ने ।

२. "ख" श्रेणीको विद्यालयको लागि चाहिने आधारहरु (आधारभूत सुबिधायुक्त विद्यालय अर्थात् "ग" श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने)

(क) प्रधानाध्यापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था,

(ख) शिक्षक कर्मचारीको लागि छुट्टै शौचालयको व्यवस्था,

(ग) कुनै दुई प्रकारका दैनिक पत्रिकाहरु सहितको एकपटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

(घ) भलिबल खेल्न मिल्ने खेल मैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था,

(ङ) छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था,

(च) विद्यालयमा कम्प्युटर विषय राखेको भए छुट्टै कम्प्युटर कोठाको व्यवस्था,

(छ) प्राथमिक उपचार कक्षको व्यवस्था,

(ज) विशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनुपर्ने ।

३. "ग" श्रेणीको विद्यालय (अर्थात आधारभूत सुविधायुक्त विद्यालयको लागि चाहिने पूर्वाधारहरु):

(क) कक्षाकोठाहरु पूर्वप्राथमिक र प्राथमिक तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, निम्नमाध्यमिक र माध्यमिक तहको हकमा १.०० वर्गमिटर,

(ख) हावाको राम्रो प्रवाह र यथेष्ट प्रकाश भएका कक्षाकोठाहरु,

(ग) विद्यार्थी संख्याको आधारमा सबैलाई पुग्ने डेस्क, बेन्च,

(घ) छात्रछात्रा र शिक्षकको लागि कम्तिमा ३ वटा छुट्टाछुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप,

(ङ) यथेष्ट खानेपानीको व्यवस्था,

(च) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक नर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ पुस्तक भएको पुस्तकालय,

(छ) प्रतिकक्षामा कालोपाटी/सेतोपाटी र अन्य आवश्यक शैक्षिक सामग्री,

(ज) सबै विद्यार्थी एकैपटक उभिन सक्ने आँगन,

(झ) भलिबल खेल्न मिल्ने सम्मको खेल मैदान,

(ञ) कक्षा शिक्षक अनुपात १:१.४

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामाग्रीको व्यवस्था,

(ठ) प्राथमिक उपचारको सामाग्रीको व्यवस्था र

(ड) यस कार्यविधिमा उल्लेख गरे अनुसारको छात्रवृत्ति र सोही अनुसारको शिक्षक तथा कर्मचारी संख्या ।

४. "घ" श्रेणीका विद्यालय (अर्थात न्यून सुविधाका विद्यालय): यस श्रेणीमा आधारभूत सुविधा पुरा नभएका विद्यालय रहनेछन् ।

५. संस्थागत विद्यालयहरुलाई खण्ड (क), (ख), (ग) र (घ) बमोजिम वर्गीकरण गर्नका लागि यस नियमावली बमोजिमको समितिले आवश्यकता अनुसार नगरपालिकाद्वारा गठित सरोकारवालाहरु समेत सम्मिलित भएको समितिको परामर्श लिन सक्नेछ ।

## अनुसूची-२

## विद्यालय शुल्क निर्धारणका आधारहरु

(१) शैक्षिक योग्यता नपुगेको र शिक्षक अध्यापन अनुमति पत्र नभएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्न पाइने छैन ।

(२) शुल्क निर्धारण प्रयोजनका लागि यही अनुसूची बमोजिम "ग" श्रेणीको विद्यालयलाई आधारभूत सुविधायुक्त विद्यालय मानिएको हुँदा उक्त श्रेणीको विद्यालयमा देहाय बमोजिमको शिक्षक तथा कर्मचारी राख्नुपर्नेछ ।

| क्र. सं. | शिक्षक/कर्मचारी | तह अनुसार शिक्षक तथा कर्मचारी संख्या | | | |
|---|---|---|---|---|---|
| | | नर्सरी देखि कक्षा ५ सम्म | नर्सरी देखि कक्षा ८ सम्म | नर्सरी देखि कक्षा १० सम्म | नर्सरी देखि कक्षा १२ सम्म |
| १ | **प्र.अ.** | | | | |
| | आई. एड. | १ | - | - | - |
| | स्नातक | - | १ | - | - |
| | स्नातकोत्तर | - | - | १ | १ |
| २ | **शिक्षक** | | | | |
| | एस.एल.सी./एस.ई.ई. | ३ | ३ | ३ | ३ |
| | आई. एड. | ६ | ६ | ६ | ६ |
| | स्नातक | - | ५ | ४ | ५ |
| | स्नातकोत्तर | - | - | ४ | ६ |
| ३ | लेखापाल | १ (एस.एल.सी./एस.ई.ई.) | १ (कक्षा १२) | १ (कक्षा १२) | १ (स्नातक) |
| ४ | आया/स्वीपर | २ | २ | २ | २ |
| ५ | स्टोर/लाईब्रेरियन | - | - | २ | २ |
| ६ | गार्ड/पियन | २ | २ | ३ | ४ |

(३) विद्यालयको उपखण्ड (२) बमोजिमका शिक्षक कर्मचारीको तलब नेपाल सरकारले स्वीकृत गरेबमोजिमको तलबभत्तामा नघटाई उपलब्ध हुनुपर्नेछ र यसरी दिइने सुविधा बापत तलब रकमको १८ प्रतिशत सम्म छुट्याई यसरी हुन आउने जम्मा खर्चलाई विद्यालयको कुल खर्चको ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशतमध्ये कम्तीमा ८ प्रतिशत रकम छात्रवृत्ति र १.५ प्रतिशत ग्रामिण शिक्षा विकास कोषमा लगानी गर्नुपर्नेछ र बाँकी हुन आउने रकम विद्यालयको आवश्यकता अनुसारका शीर्षकहरुमा खर्च गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) खण्ड (२) र (३) को व्यवस्थालाई विचार गरी "ग" श्रेणीका आधारभूत सुविधायुक्त विद्यालयको शुल्क निर्धारण गर्नुपर्नेछ ।

(५) खण्ड (४) बमोजिमको शुल्क दर आधारभूत सुविधायुक्त विद्यालयको लागि भएकाले सो सुविधा नपुगेका "घ" श्रेणीका न्यून सुविधाका विद्यालयले तुलनात्मक रुपमा कम खर्च गरे पुग्ने भएको हुँदा यस्ता विद्यालयलाई आधारभूत सुविधाका विद्यालयको भन्दा २५ प्रतिशतसम्म कम शुल्क हुने गरी शुल्क निर्धारण गर्नुपर्नेछ ।

(६) आधारभूत भन्दा माथिको सुबिधा दिईरहेका अपेक्षित सुविधायुक्त "ख" श्रेणीका र विशेष सुविधायुक्त "क" श्रेणीका विद्यालयहरुले देहायबमोजिमका थप सुबिधाका निम्ति खर्च जोडेर शुल्क हिसाब गर्न पाउनेछन् ।

| **क्र.सं.** | **विवरण** | **अपेक्षित सुबिधा (प्रतिशत)** | **विशेष सुविधा (प्रतिशत)** |
|---|---|---|---|
| क | शिक्षक कर्मचारी तलब तथा सुबिधा | १५ | २५ |
| ख | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ५ | १० |
| ग | शैक्षिक सामाग्री | ५ | १० |
| घ | भौतिक पूर्वाधार | १० | १५ |
| ङ | शैक्षिक उपलब्धी | १० | १० |
| च | छात्रवृत्ति | ५ | ७ |
| छ | संस्थागत विकास | १० | १० |
|  | यी सबै सुबिधा थप भए वापत शुल्क दरमा थप गरिने | २५ | ५० |

थप सुविधायुक्त विद्यालयले उपलब्ध गराएको सुबिधा अनुसार माथि उल्लिखित विभिन्न शीर्षकमा उल्लेख गरिएको मापदण्ड अनुसारको कुल प्रतिशतलाई १०० प्रतिशत मानी अपेक्षित सुबिधायुक्त विद्यालयमा २५ प्रतिशत र विशेष सुविधायुक्त विद्यालयमा ५० प्रतिशतसम्म थप शुल्क लिन सक्नेछ ।

(७) कुनै विद्यालयले लिई आएको शुल्क दर यस अनुसूची अनुसार हुन आउने शुल्क दरभन्दा कम शुल्क वृद्वि गर्दा सोही अनुपातमा शुल्क वृद्धि हुन सक्नेछ ।

(८) यस अनुसूची बमोजिम "क" श्रेणीमा परेका सुबिधायुक्त विद्यालयका कम्तीमा दुईतिहाई अभिभावकको निर्णयबाट निम्न बमोजिमको कुनै एउटा प्रावधान पालना गर्ने गरी खण्ड (४), (५) र (६) मा उल्लेख गरेभन्दा माथिल्लो दरको शुल्क प्रस्ताव गरेमा नगर शिक्षा समितिले माथिल्लो दरको शुल्क लागू गर्न स्वीकृति दिन सक्नेछ ।

(क) गरिबीको रेखामुनी रहेका परिवारका विद्यार्थीलाई लक्षित गरी २५ प्रतिशत विद्यार्थीलाई विशेष छुट (हेभी सब्सिडी) र मध्यम वर्गका विद्यार्थीलाई लक्षित गरी आंशिक छुट दिने

(ख) विद्यालयका विद्यार्थीलाई पूर्ण शुल्कमा अध्यापन गराई उठेको रकमको कम्तीमा १८ प्रतिशत रकम छुट्टै कोषमा राखी आफ्नै विद्यालयमा अध्ययनरत र नगरपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयमा अध्ययन गर्ने न्यून आय भएका विद्यार्थीलाई छात्रवृत्ति दिने तथा त्यस्तो विद्यालयको गुणस्तर सहयोग प्रदान गर्ने ।

## अनुसूची -३

१. अपाङ्ग वर्गीकरण
२. शारीरिक अपाङ्गता
३. बहिरा
४. सुस्त मनस्थिति
५. दृष्टिविहीन
६. बहु अपाङ्ग

## अनुसूची - ४

## दलित जातीय अनुसूची विवरण

दलितवर्गमा सूचीकृत जात-जातिहरूको वर्णानुक्रम अनुसारको जातीय अनुसूची

(क) पहाडे मूल

१.गन्धर्व (गाइने
२.परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के
३.वादी
४.विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमटा)
५.सार्की (मिजार, चर्मकार, भूल)

(ख) मधेशी मूल

६.कलर
७. ककैहिया
८. कोरी
९. खटिक
१०. खत्वे (मण्डल, खङ्ग)
११. चमार (राम, मोची, हरिजन, रविदास)
१२.चिडिमार
१३. डोम (मरिक)
१४.तत्मा (ताँती, दास)
१५.दुसाध (पासवान, हजरा)
१६.धोवी (रजक) हिन्दू
१७.पत्थकरट्टा
१८.पासी
१९.बाँतर
२०.मुसहर
२१.मेस्तर(हलखोर)
२२.सरभङ्ग (सरवरिया)

## अनुसूची - ५

जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेखित तपसिल बमोजिमका जातिहरूलाई जनजातिको रुपमा लिइएको छ ।

१.किसान २.कुमाल ३.कुशवादिया ४.कुशुण्डा
५.गनगाई ६.गुरुङ ७.चेपाङ्ग ८.छन्त्याल
९.घैरोतन १०.जिरेल ११.भ्कागड १२.डोल्मो
१३.ताङवे १४.ताजपुरिया १५.तामाङ्ग १६.तिनगाउँले थकाली
१७.ताप्केगोला १८.थकाली १९.थामी २०.थारु
२१.सुदाम २२.दनुवार २३.दराई २४.दुरा
२५.धानुक (राजवंशी) २६.धिमाल २७.नेवार २८.पहरी
२९.फ्रि ३०.वनकरिया ३१.बरामो ३२.बाह्रगाउँले
३३.बोटे ३४.भूजेल ३५.भोटे ३६.मगर
३७.माझी ३८.मार्फाली थकाली ३९.मुगाली
४०.मेचे (बोडे ४१.याक्खा ४२.राई ४३.राउटे
४४.राजवंशी (कोच) ४५.राझी ४६.लार्के
४७.लिम्बु ४८.लेप्चा ४९.ल्होपा ५०.ल्होमिसिङसावा
५१.वालुक्त ५२.ब्याँसी ५३.शेर्पा ५४.सतार (सन्थाल)
५५.सियार ५६.सुनुवार ५७.सुरेल ५८.हायु
५९.ह्योल्मो

## अनुसूची ६

छात्रवृत्ति वितरणका लागि वर्गीकृत कोटा

जम्मा कोटा मध्ये ५५ प्रतिशत खुल्ला
जम्मा कोटा मध्ये ४५ प्रतिशत समावेशी

४५ प्रतिशत समावेशी तर्फ १०० मानी

महिला ३३ प्रतिशत
जनजाति २७ प्रतिशत
मधेशी २२ प्रतिशत
दलित ९ प्रतिशत
अपाङ्ग ५ प्रतिशत
पिछडिएका क्षेत्र ४ प्रतिशत

# अनुसूची - ७
# दरखास्त फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत/प्रधानाध्यापक ज्यू
................, नगरपालिका/............................... विद्यालय ।

निजी विद्यालयबाट प्रदान गरिने दलित/अपाङ्ग/जनजाती/महिला/शहिद/द्वन्द्वपीडित र आर्थिक रुपले पिछडिएको छात्रवृत्ति कार्यक्रममा म/मेरो छोरा वा छोरी सम्मिलित हुन इच्छुक भएकोले छात्रवृत्तिका लागि फाराम भरी आवश्यक कागजात यसैसाथ संलग्न गरी पेश गरेको छु ।

१. विद्यार्थीको पूरा नाम थर (देवनागरीकमा) :

२. NAME IN ENGLISH (IN BLOCK LETTER) :

३. जन्म मिति

४. वि.सं. .......................... इ.सं .........................

५. विद्यार्थीको ठेगाना (क) स्थायी : (ख) अस्थायीः

६. छात्रवृत्तिको किसिम : अपाङ्ग/दलित/जनजाती/आर्थिकरुपले पिछडिएको

७. अध्ययन गर्न चाहेको विद्यालय :प्राथमिकता क्रमको आधारमा

   क)

   ख)

   ग)

   घ)

   ङ)

८. बाबुको नामथर : पेशा :

९. आमाको नाम थर : पेशा :

१०. बाजेको नाम थरः पेशा :

११. पारिवारिक आम्दानीको श्रोत : कृषि/नोकरी/व्यापार

१२. आम्दानीको अनुमानित विवरण (नगदमा उल्लेख गर्नेःरु.

१३. संलग्न कागजातहरू :

- नेपाली नागरिक (जन्म दर्ता प्रमाणपत्र)
- नियमित विद्यार्थीको रुपमा अध्ययनरत विद्यालयको सिफारिस पत्र
- शैक्षिक योग्यताको प्रमाण पत्र
- अपाङ्ग छात्रवृत्तिका लागि आपाङ्गता सम्बन्धि परिचय पत्र भएका (विपन्न)
- दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगको वर्गीकरणमा परेका दलित छात्रछात्राहरू (विपन्न)
- जनजाति छात्रवृत्तिका लागि राष्ट्रिय जनजाति महासंघको वर्गीकरणमा परेका जनजाति छात्र छात्राहरु (विपन्न)
- आर्थिक रुपले पिछडिएको वर्गको छात्रवृत्ति पाउनको लागि गरीव एवं आर्थिक रुपमा पिछडिएको वर्गका विद्यार्थीहरू हुनुपर्ने छ । आर्थिक रुपमा पिछडिको भन्नाले स्थानीय निकायबाट आर्थिक रुपमा पिछडिएको सिफारिस भएको हुनुपर्नेछ । (नियम १५२ क, ख र ग)
- शहिदका छोराछोरीहरुका लागि नेपाल सरकारबाट प्रमाणित भएको,
- द्वन्द्वपीडितहरुका लागि जिल्लास्तरीय समितिबाट भएको सिफारिस पत्र

विद्यार्थीको दस्तखत :

अभिभावकको दस्तखत :

सम्पर्क नं. :

आज्ञाले,

भीष्मराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत